## नवीकरण कहिले गर्ने ?

सामाजिक सुरक्षा भत्तामा समावेश भएका लाभग्राहीले प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि भाद्र मसान्तसम्म अनिवार्य रूपमा आफ्नो वडामा गई नवीकरण गर्नुपर्दछ ।

## कहाँबाट भुक्तानी लिने ?



सामाजिक सुरक्षा भत्ता अनिवार्य रूपमा बैंक मार्फत भुक्तानी गर्नुपर्नेछ । यसले गर्दा राज्य, स्थानीय तह तथा लाभग्राहीलाई प्रशासनिक सहजता र पारदर्शिता कायम गर्न सजिलो हुन्छ ।

## सामाजिक सुरक्षा कार्यक्रमबाट कुन अवस्थामा नाम हट्छ ?

१. लाभग्राहीको मृत्यु भएमा
२. बालबालिकाको उमेर ५ वर्ष अर्थात ६० महिना पुरा भएमा (एक आमाका दुई सन्तान मात्र योग्य)
३. बसाई सरेमा
४. एकल वा विधवा महिलाले विवाह गरेमा
५. दोहोरो दर्ता कायम भएमा
६. स्वेच्छिक रूपमा लगत कट्टा गर्न चाहेमा
७. सरकारी वा सरकारको पूर्ण वा आंशिक सहयोग रहेको संघ संस्थाबाट मासिक रूपमा निवृत्तिभरण वा लाभ लिएमा
८. दर्ता नवीकरण नगरेमा ।

## कस्तो नागरिकले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन?

क. कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित व्यक्ति
ख. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्थाबाट नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेको व्यक्ति ।

## पूर्ण अपाङ्गता तथा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकले बैंक खाता मार्फत कसरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्छन् ?

९० वर्ष माथिका जेष्ठ नागरिक, पूर्ण अपाङ्ग भएका व्यक्ति, आफ्नो हेरचाह आफै गर्न नसक्ने लाभग्राहीको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने व्यवस्था छ । लाभग्राहीको अनुरोधमा संरक्षकको संयुक्त दस्तखतबाट संयुक्त खाता सञ्चालन गर्न र सो पनि सम्भव नभएका लाभग्राहीको हकमा संरक्षकको दस्तखतबाट मात्र पनि खाता सञ्चालन गरी भत्ता प्राप्त गर्न सकिन्छ ।



### जानकारी:

- एक व्यक्तिले दोहोरो रूपमा सामाजिक सुरक्षा भत्ता लिनु गैर कानुनी कार्य हो ।
- लाभग्राहीमा नाम नभएको व्यक्तिले अर्को व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन ।
- लाभग्राहीमा सुचीकृत भएको महिनाको अर्को महिनादेखि भत्ता प्राप्त गर्न सक्नेछन् ।
- एक व्यक्तिले एक भन्दा बढी लक्षित समूहबाट भत्ता प्राप्त गर्न पाईने छैन ।

### गुनासो:

सामाजिक सुरक्षा सम्बन्धी केही गुनासो भएमा आफ्नो वडा कार्यालय वा स्थानीय तहको केन्द्रमा निवेदन दिनुहोस् वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको
वेबसाइटः https://gms.donidcr.gov.np/Grievance/PublicMain
फेसबुकः https://www.facebook.com/DepartmentofNationalIDandCivilRegistration
टविटरः https://twitter.com/DoNIDCRNep
इमेलः ss@donidcr.gov.np, info@donidcr.gov.np

" सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राही नछुटौं, नछुटाऔं । "



# सामाजिक सुरक्षा भत्ता कार्यक्रम

थप जानकारी लागि


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरवार, काठमाडौं
नि:शुल्क: १६६००१९६६६६
इमेलः ss@donidcr.gov.np वेवसाइटः https://donidcr.gov.np

## सामाजिक सुरक्षा भत्ता कार्यक्रम:

- आर्थिक सामाजिक तथा सांस्कृतिक कारणले पछाडि परेका वा विभिन्न कारणले गरिबीको मारमा परेका, जोखिम अवस्थामा रहेका र सीमान्तकृत नागरिकहरूको जीवनयापनमा जोखिम न्यूनिकरण गर्न तथा उपभोगमा सघाउ पुर्याउने उदेश्यले सरकारबाट प्रदान गरिने नगद सेवा तथा सहयोग नै सामाजिक सुरक्षा भत्ता हो ।



- यो सामाजिक सुरक्षा सम्बन्धी हकको संरक्षण गर्न राज्यको आन्तरिक स्रोतबाट व्यवस्था गरिएको गैर योगदानमुलक कार्यक्रम हो ।
- नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता लिने सुविधा सबै नागरिकको पहुँचमा पुन्याउन सबै स्थानीय तहका वडा स्तरमा निवेदन दर्ता गर्ने, नवीकरण गर्ने र सो को लागि शिविर समेत सञ्चालन गर्ने गरेको छ ।



## लाभग्राहीले नाम कहिले र कहाँ दर्ता गराउने ?

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तपसिल बमोजिमका योग्य नेपाली नागरिकले आवश्यक कागजात सहित दर्ता शिविर वा वडा कार्यालयमा निवेदन दर्ता गराई सामाजिक सुरक्षा भत्ता परिचय पत्र प्राप्त गर्न सकिने छ ।

> " सामाजिक सुरक्षा भत्ता कार्यक्रमबारे सम्भावित लाभग्राहीलाई जानकारी गराऔं । "

## सामाजिक सुरक्षा भत्ताको निम्ति आवश्यक मापदण्ड

| लक्षित समुह | उपसमूह/रकम (मासिक भत्ता) | मापदण्ड (नेपाली नागरिक) | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|
| **जेष्ठ नागरिक भत्ता** | ६८ वर्ष माथिका सबै नेपाली नागरिक<br>**रु ४000** | ➢ उमेर ६८ वर्ष भन्दा माथि | ➢ नेपाली नागरिकताको प्रमाणपत्र |
| | जेष्ठ नागरिक दलित<br>**रु २६६0** | ➢ उमेर ६० वर्ष भन्दा माथि<br>➢ राष्ट्रिय दलित आयोगमा दलित भनी सुचिकृत जाति | ➢ नेपाली नागरिकताको प्रमाणपत्र र दलित जाती खुल्ने प्रमाण |
| | जेष्ठ नागरिक एकल महिला<br>**रु २६६0** | ➢ उमेर ६० वर्ष माथि, अविवाहिताको प्रमाण वा अदालतबाट भएको सम्बन्ध विच्छेद र न्यायिक पृथकीकरण भएको प्रमाण | ➢ नेपाली नागरिकताको प्रमाणपत्र<br>➢ अविवाहिता प्रमाण वा अदालतबाट भएको सम्बन्ध विच्छेदे र न्यायिक पृथकीकरण भएको प्रमाण |
| | जेष्ठ नागरिक क्षेत्र तोकिएका<br>**रु २६६0** | ➢ उमेर ६० वर्ष माथि, नेपाल सरकारले तोकेका क्षेत्र भित्र परेका । | ➢ नेपाली नागरिकताको प्रमाणपत्र, बसाई सरी गएको भएमा बसाई सराई प्रमाणपत्र |
| **असहाय एकल महिला भत्ता** | विधवा<br>**रु २६६0** | ➢ पतिको मृत्यु दर्ता भएका | ➢ नेपाली नागरिकताको प्रमाणपत्र, पतिको मृत्यु दर्ता प्रमाणपत्र, |
| **अपाङ्गता भत्ता** | पूर्ण अशक्त अपाङ्गता<br>**रु ३९९0** | ➢ पूर्ण अशक्त अपाङ्गता भएका (प्रचलित कानुन बमोजिम क बर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) । | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि ) वा जन्म दर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष मुनी ,<br>➢ क बर्गको अपाङ्गता परिचयपत्र |
| | अति अशक्त अपाङ्गता<br>**रु २१२८** | ➢ नेपाली नागरिक, अति अशक्त अपाङ्गता भएका (प्रचलित कानुन बमोजिम 'ख' बर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) । | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि) वा जन्म दर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष मुनी ,<br>➢ 'ख' बर्गको अपाङ्गता परिचयपत्र |
| **बाल पोषण भत्ता** | अति बिपन्न तथा क्षेत्र तोकिएका<br>**रु ५३२** | ➢ ५ बर्ष उमेर पुरा नगरेका, सम्बन्धित वडा कार्यालयमा जन्म दर्ता गराएको,<br>➢ नेपाल सरकारले क्षेत्र तोकेका जिल्ला र देशभरका दलित बालबालिका । | ➢ आमा, बाबु वा संरक्षकको नागरिकताको प्रमाणपत्र, बालबालिकाको जन्मदर्ता प्रमाणपत्र |
| **लोपोन्मुख जाति** | कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा, कुशवधिया (पत्थरकट्टा, सिलकट, कुहबढिया, कुचबधिया) का लोपोन्मुख जातिका सबै परिवारका सदस्यले प्राप्त गर्ने ।<br>**रु ३९९0** | ➢ सामाजिक सुरक्षा ऐन, २०७५ को अनुसूचिमा उल्लेखित जाति | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा कम भएमा जन्म दर्ताको प्रमाणपत्र<br>➢ लोपोन्मूख जाति खुल्ने प्रमाण |

नोटः यसबारे थप जानकारी सामाजिक सुरक्षा ऐन (पहिलो संशोधन) २०७५ तथा नियमावली, २०७६ बाट प्राप्त गर्न सकिनेछ ।